नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेष्ठ २०७२ (May 2015) वर्ष १९/अङ्क २१८

## भूकम्पमाथिको परमेश्वरलाई सधैं हेरौं

- डीकन सिमोन पाठक

नेपालमा भएको महाभूकम्पको तरंग देशभित्र र बाहिर रहेका नेपाली लगायत विश्वमानै गुञ्जिरहेको छ । वि.सं. १९९० सालको भूकम्पको कथा सुन्दै आएका नेपालीहरूको लागि अब सुनाउनको लागि आफ्नै अनुभवको कथा बनेको छ । यो भूकम्पले धेरै नेपालीहरूको ज्यान लियो । तर येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्नेहरूको निम्ति मृत्युको खील छैन । उहाँहरू प्रभु येशूले तयार पार्नुभएको अनन्त राज्यमा प्रवेश गर्नुभयो । प्रभु येशूले विचलित भएका चेलाहरूलाई भन्नुभयो, “तिमीहरूको हृदय व्याकुल नहोस्‌। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन् । (यूहन्ना १४:१-२) । भूकम्पको दिनभन्दा अघिका दिनहरू वा वर्षहरूमा प्रभुमा सुत्नेहरू र भूकम्पको प्रकोपमा परेर मृत्यु हुनेहरू सबैजना प्रभु येशूसँग हुनुहुन्छ । सधैंको निम्ति प्रभु येशूको राज्यमा उहाँसँगै हुन पाउनु सौभाग्य हो ।

पावलले प्रभु येशूमा सुत्नेहरूको विषयमा यसरी लेखेका छन्, “तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्ने छैनौं” (१ थेसलोनिकी ४:१३-१५) । प्रभु येशूमा विश्वास गरेकाहरूको निम्ति मृत्यु उहाँलाई आमने सामने देख्ने ढोका हो । नेपालमा भूकम्प गएको दिन २०७२ वैशाख १२ गते इसाईहरूको निम्ति परमेश्वरको घर मण्डलीमा भेला भएर आराधना गर्ने दिन थियो । लाखौंको संख्यामा प्रभु येशूमा विश्वास गर्नेहरू आराधना गर्दागर्दै कति जना प्रभुसँग सधैंका लागि हुनलाई जानुभयो । उहाँहरूको निम्ति संसारको दुःख, पीडा, प्राकृतिक प्रकोपको डर अब छैन । उहाँहरू डर, त्रास र मृत्युमाथि सधैंका लागि विजयी हुनुभएको छ । उहाँहरूले पृथ्वीको मिशन पूरा गर्नुभएको छ ।

हामी बाँचेकाहरू के को निम्ति जिउने ? किन प्रभुले महाभूकम्पबाट बचाउनुभयो ? हामी फेरि पनि हिजोका दिनहरूमा राखेको सोच र लक्ष्यमै सीमित हुने कि फरक किसिमले जीवन जिउने प्रण गर्ने ? हाम्रो जीवनको साँचो हामीसँग छैन भन्ने कुराको सन्देश सयौं पटक गएको भूकम्पको झट्काले दिइसकेको छ । भूकम्प गएको दिनदेखि बहत्तर घण्टाको अवधिमा जमीन कम्पनासाथ कतिपटक चिच्यायौं ? किन हामी चिच्याएका होला ? किन हामीले बचाउनुहोस् प्रभु भनेर प्रार्थना गरेका होला ? हामी आफ्नै लागि बाँच्नका लागि चिच्यायौं कि प्रभुको निम्ति केही गर्न बाँकी नै छ भन्ने सोचले चिच्याएका हौला ? हामीहरू आफ्नो र परिवारको निम्ति बाँच्न पाऔं भनेर आपद्को घडीमा प्रभुलाई पुकारा गर्नु स्वभाविक हो । तर हामी आफ्नो र परिवारको निम्ति मात्र होइन प्रभुको क्रूसको प्रेमको सन्देश फैलाउनको निम्ति जिउनुचाहिँ महान उद्देश्य हो । हामीलाई प्रभुले फेरि एकपटक मृत्युको मुखबाट बचाउनुभएको छ । हामीहरूको दिनलाई विचार गरेर महान उद्देश्यको निम्ति बाँकी दिनहरू जिउनलाई योजना बनाउनु पर्दछ । यो पटक भूकम्पको भुमरीमा नपरेकाहरूले भूकम्पमा परेका नेपालीहरूको जीवनद्वारा शिक्षा सिकेर जीवन जिउने तरिकामा फरक ल्याउने समय अहिले नै हो भोलि ढिला हुनसक्छ ।

बाइबल अनुसार भूकम्प के को चिन्ह हो ? प्रभु येशूले चेलाहरूलाई अन्त्यका दिनका चिन्हहरूको विषयमा यसरी भन्नुभयो, “होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस् । किनभने धेरै जना मेरो नाउँमा ‘म ख्रीष्ट हुँ’ भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन् । तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ । नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन । किनभने जातिको विरूद्धमा जाति, र राज्यको विरूद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्” (मत्ती २४:४-७) । भूकम्प जानु प्रभु येशूको आगमनको धेरैवटा चिन्हहरूमध्येको एउटा हो । उहाँको आगमन हुनु अघि भूकम्पहरू जानेछ भन्ने कुरा प्रभु येशू स्वयंले भन्नुभयो । नेपालमा भूकम्प जाने कुरा अचानक भएको होइन । वर्षौंदेखि भूगर्भविद्हरूले नेपालमा भूकम्प जानेछ त्यसको निम्ति पूर्व तयारी हुनु आवश्यक छ भनेर घरिघरि भन्दै आएका थिए । तर नेपाल सरकार र सारा नेपालीहरूले कानमा तेल हालेर बस्ने काम बाहेक अरू केही भएन । आफ्नै लागि मात्र सोचेर करोडौं रूपियाँ खर्च गरेर घर बनायौं तर भूकम्पबाट बाँच्नको निम्ति टुँडिखेलको खुल्ला आकाश, सडक पेटी र खुल्ला मैदान र मण्डली घरहरूमा तीन रातभन्दा बढी समय बितायौं । के हामीले यस्तो दिनहरू आउनेछ भनेर कल्पना गरेका थियौं त ? हामीले विभिन्न देशहरूमा भूकम्पको समयमा भएको क्षति, पीडा र शरणार्थी जीवनको समाचार पढेका, सुनेका र देखेका मात्र थियौं । नयाँ साल २०७२ को वैशाख १२ गते म पनि एकदिन यस्तै जीवन जिउन पुग्नेछु भनेर पक्कै पनि सोचेका थिएनौं होला !

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| वैशाख २६<br>May 9 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | डीकन<br>घन श्याम दाहाल | पाष्टर<br>दफ्तन सादा | डीकन<br>बाबुराम के.सी. | एल्डर<br>दिल थापा |
| जेष्ठ २<br>May 16 | डीकन<br>अर्जुन ढकाल | डीकन<br>राजु तामाङ्ग | श्री<br>राजु राई | एल्डर<br>गोपाल शर्मा | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>घन श्याम दाहाल | श्री<br>ध्रुब घिमिरे |
| जेष्ठ ९<br>May 23 | एल्डर<br>गोपाल शर्मा | श्री<br>सिद्धि खालिङ | एल्डर<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>ग्रेस खालिङ | संयुक्त सेवा<br>ललितपुर चर्च |
| जेष्ठ १६<br>May 30 | डीकन<br>सिमोन पाठक | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>छयोगेन रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>स्टिफन राई | डीकन<br>घन श्याम दाहाल |
| जेष्ठ २३<br>June 6 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र कु. रोंगोंग<br>पाष्टर बि.बि. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>जनक लाल श्रेष्ठ | एल्डर<br>गोपाल शर्मा |

प्रभु येशू पृथ्वीमा हुनुहुँदा नै भूकम्प जानेछ भनेर भनी सक्नुभएको छ । भूकम्प जानु प्रभु येशूले भन्नुभएको अन्त्यका दिनमा चिन्हहरू पूरा हुनु हो । एक्काइसौं शताब्दीदेखि यता पृथ्वीको विभिन्न भागमा भूकम्प गइनैरहेको छ । उहाँले मानिसहरूलाई विभिन्न समयमा हल्लाइराख्नुभएको छ । यसपटक नेपालीहरूलाई हल्लाउनुभएको छ ।

नेइम ज्ञानेश्वर मण्डलीको वरपर रहेका छिमेकीहरू मण्डलीमा आऊन् भनेर प्रार्थना गरेको वर्षौं बितिसकेको छ । येशूको पुनरूत्थानको दिनमा जलपान कार्यक्रम गरेर समय-समयमा मण्डलीमा निम्तो दिने काम पनि हुँदै आएको थियो । तर मण्डली वरपर घर भएका छिमेकीहरू न्यून संख्यामा मात्र आउने गर्नुहुन्थ्यो । तर महाभूकम्पको झट्काले उहाँहरूलाई मण्डली भवनमा दौड्नु बाहेक अरू केही उपाय रहेन । तीन रातसम्म मण्डली भवनमा ६ सयभन्दा बढीको संख्यामा मानिसहरू आश्रय लिन आउनुभयो जसमा तीन सयभन्दा बढी मानिसहरू मण्डली वरपरका छिमेकीहरू नै हुनुहुन्थ्यो । मण्डलीप्रति कृतज्ञ हुँदै एकजनाले अन्तिम दिनमा जानुअघि तीन हजारको भेटी पनि मण्डलीको निम्ति भन्दै मेरो हातमा दिनुभयो । यो प्रभुको काम हो । प्रभुले जाति जातिहरूलाई हल्लाउँछु भन्ने वचन पूरा भइराखेको छ । मण्डलीले चढाएको प्रार्थना खेर गएको छैन । उद्धार नपाएका मानिसहरूको मुक्ति र उद्धारको निम्ति प्रार्थना चढाउन नथाकौं । प्रभुको आगमनको निम्ति सुसमाचार प्रचारिनुपर्दछ ।

**"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ"** (मत्ती २४:१४) । प्रभु येशूको आगमनको अघि झूटा शिक्षक, झूटा अगमवक्ताहरू ख्रीष्ट विरोधीहरू आउनेछन्, ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन् भन्ने वचन पूरा भइराखेको छ । मण्डलीहरूलाई विश्वका विभिन्न देशहरूमा सताउने, मार्ने कामहरू भइराखेका छन्। यी सबै प्रभुले भन्नुभएको अन्त्यका दिनका चिन्हहरू हुन् ।

हाम्रो हृदयमा डरलाई होइन तर परमेश्वरका प्रतिज्ञाहरूलाई स्थान दिऔं । हामीहरू वर्तमान परिस्थितिहरूलाई देखेर मनमा डरको तरंग फैलाउनेहरू नबनौं । परमेश्वरका प्रतिज्ञाहरूलाई पक्रेर जिउने र प्रभुले दिनुभएको बाँकी जीवनमा उहाँको मिशन पूरा गर्नेहरू बन्न सकौं । "तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु। तँ नदीहरूबाट भएर जाँदा तिनले तलाई डुबाउने छैनन् । तँ आगोबाट हिँडेर जाँदा डढ्ने छैनस् । त्यसको ज्वालाले तँलाई भष्म पार्नेछैन" (यशैया ४३:२) । "यसैले नड्रा, किनकि म तँसित छु । निरूत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु" (यशैया ४१:१०) । "...हेर म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु" (मत्ती २८:२० ख) । परमेश्वरले दिनुभएको बाँकी आयुमा उहाँको राज्यको निम्ति अब के गर्ने ?

## हार्दिक बधाई

वैशाख ९ गते/अप्रिल २२ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **अनिष तामाङ्ग** र धादिङ्ग इम्मानुएल चर्च, मैदिकी सदस्य सुश्री **अमिना तामाङ्ग** धादिङ्ग इम्मानुएल चर्च, मैदिमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अनिष** र **अमिना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मे महिनाको कार्यक्रम

जेष्ठ १ गते/मे १५ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

जेष्ठ ३ गते/मे १७ तारिख आइतबार **नेइम कार्यकारिणीको बैठक** बिहान १०:००-५:०० बजेसम्म नेइम जोरपाटी मण्डलीमा ।

जेष्ठ १५ गते/मे २९ तारिख शुक्रबार **नेइम बाल संगतिद्वारा सामाजिक सेवा** बेथानी आश्राम ज्ञानेश्वर मण्डलीमा ।

जेष्ठ २८ गते/जुन ११ तारिख शुक्रबार **नेइम महिला विभाग र स्थानीय समितिकाहरूको संयुक्त भेटघाट तथा प्रार्थना** नेइम जोरपाटी मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **वैशाख २६**<br>May 9 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| **जेष्ठ २**<br>May 16 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | डीकन<br>जिल्बर्ट मिशो | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>गोपाल राना मगर |
| **जेष्ठ ९**<br>May 23 | पाष्टर<br>महेश थांजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | एल्डर<br>बी.एन. पण्डित | एल्डर<br>राजु श्रेष्ठ | श्री<br>राजु तामाङ्ग |
| **जेष्ठ १६**<br>May 30 | पाष्टर<br>महेश थांजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | एल्डर<br>छोदेन कार्थक | डीकनेस्<br>नविना लिम्बू | श्री<br>कुमार सेन्चुरी |
| **जेष्ठ २३**<br>June 6 | पाष्टर<br>महेश थांजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## जानकारी

माघ २४ गते/फरवरी ७ तारिख शनिबार नेइम गुरुजुधारा मण्डलीमा १० जना विश्वासीहरूको समर्पण भयो ।

माघ २४ गते/फरवरी ७ तारिख शनिबार नेइम गुरुजुधारा मण्डलीमा ३ जना बालबालिकाहरूको अर्पण भयो ।

वैशाख ५ गते/अप्रिल १८ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा १ जनाको समर्पण भयो ।

वैशाख १० गते/अप्रिल २३ तारिख बिहीबार नेइम गोंगबूँ मण्डलीअन्तर्गतको छोरी मण्डली नेइम मैदान लिखु संगति भवनको अर्पण भयो । उक्त कार्यको लागि पाष्टर बर्णबास श्रेष्ठ लगायत एक झुण्ड जानुभएको थियो ।

सुन्दरीजलमा बस्नुहुने, नेइम जोरपाटी मण्डलीको सदस्य श्री बल बहादुर तामाङ्ग ५८ वर्षको उमेरमा चैत्र २३ गते/अप्रिल ६ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

## विषेश प्रार्थना

१. महाभूकम्पको कारण दुःख, कष्टमा परेकाहरूले उद्धार, औषधि उपचार, राहत ठीकसँग पाउन सकून् । यो कामको लागि नेपाल सरकार, विभिन्न संघ-संस्थाहरू साथै विभिन्न देशहरूको लागि ज्ञान-बुद्धि मागिदिऔं ।

२. नेपाल देशमा गएको महाभूकम्पमा परेर परिवार गुमाएका, घरबार विहीन भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

३. महाभूकम्पको कारण रोग-बिमारी तथा महामारी नफैलिएको होस् साथै उपचारको लागि खटिएका स्वास्थ्यकर्मीहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

४. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

५. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट,खेदो सतावट सही रहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तंपाईंको दशांश नम्बर र परिचय पत्र नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | २० 3<br>अगुवाको स्थानमा रहनु-भएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डो¥याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २७ 10<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ३ 17<br>आज हुने नेइम कार्यकारिणीको बैठकको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३३:१०-१२ | १० 24<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | १७ 31<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार Monday** | २१ 4<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २८ 11<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ४ 18<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ११ 25<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १८ June 1<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरुहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार Tuesday** | २२ 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २९ 12<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डो¥याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ५ 19<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | १२ 26<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकुन् ।<br>मर्कूस १०:१३-१६ | १९ 2<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार Wednesday** | २३ 6<br>घरेलु संगतिका सबै अगुवा-हरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डो¥याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | ३० 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ६ 20<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १३ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | २० 3<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार Thursday** | २४ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | ३१ 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | ७ 21<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>रोमी १६:३-५ | १४ 28<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २१ 4<br>भारतको मुम्बई ,पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार Friday** | २५ 8<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>१ कोरिन्थी २:४-५, १२-१३ | १ जेष्ठ 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ८ 22<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रु ४:१२-१३ | १५ 29<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २२ 5<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार Saturday** | २६ 9<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | २ 16<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंसंग्रह १२१:१-८ | ९ 23<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १६ 30<br>परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिष्को लागि उहाँलाई महिमा दिऔं ।<br>भजनसंग्रह ५०:२३ | २३ 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ–ठाउँमा अनिकाल र भूकम्प हुनेछन् । यी सबै त अन्त्य आउनुभन्दा अघिका चिन्हरू मात्र हुन् ।त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजीकै, ढोकामै छ भनी जान ।**

**मत्ती २४:७-८, ३३**

 प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 